## मिति २०७७।०८।१२ गतेको ९७ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १** : नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) को प्रतिवेदन तयार भई सार्वजनिक सेवा तथा क्षमता विकास समितिबाट निर्णय भई कार्यपालिकामा पेश भएको सम्बन्धमा देहाय बमोजिम गर्ने।

**देहाय** :

(क) यस नगरपालिकामा साविक देखि संचालनमा रहेका सेवाहरु र संघीयता र कर्मचारी समायोजन पश्चात थप भएका सेवा शाखा उपशाखाहरुको कार्यक्षेत्र र कार्यविवरण सहित गत वर्ष २०७६ मंसिरमा गरिएको कार्य विभाजन र संगठन संरचना अर्को व्यवस्था नभए सम्मको लागि स्वीकृत गर्ने।

(ख) यस नगरपालिकाको न्यायिक समितीद्धारा सम्पादन हुने कार्यहरुको सहयोग गरी कानून सम्मत तथा प्रभावकारी कार्यसम्पादन गर्न कानूनी सेवा आवश्यक परेको हुँदा परामर्श सेवा मार्फत एक जना कम्तीमा कानूनमा स्नातक उर्त्तीण भई अधिवक्ताको प्रमाणपत्र प्राप्त व्यक्तिलाई मासिक ३६,५००।-(शाखा अधिकृतको सुरु तलब स्केल) मा नबढ्ने गरी सेवा सुविधा उपलब्ध गराई परामर्श सेवा खरिद गर्ने।

**निर्णय नं २** : अघिल्लो बैठकमा टेबल गरिएका देहायका नियमावली,निर्देशिका तथा कार्यविधिहरु माथी आजको बैठकमा बृहत छलफल गरियो। छलफलमा उठेका राय सुझावहरुलाई समेटि संशोधन सहित स्वीकृत गर्ने।

**देहाय** :

(क) विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि,२०७७

(ख) टोल विकास संस्था परिचालन कार्यविधि,२०७७

**निर्णय नं ३** : यस नगरपालिकामा चालु आर्थिक वर्षका लागि लघु उधम विकास कार्यक्रम (२६३३२) सशर्त बजेट अनुदान अन्तगर्त प्राप्त रु ४० लाखको बजेट तथा कार्यक्रम स्वीकृत गरियो।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ९७ मिति २०७७।०८।१२
को निर्णय प्रमाणित।

Scanned with CamScanner